कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
रुकुम (पश्चिम), नेपाल

प.स. ०७७/०७८
चलानी नं. : २२८

मिति : २०७७/०७/१४

विषय : सुचना टाँस गरिदिनु हुन ।

श्री मुसीकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम ।
श्री चौरजहारी नगरपालिकाको कार्यालय, रुकुम पश्चिम ।
श्री आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम ।
श्री सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम ।
श्री बाफीकोट गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम ।
श्री त्रिवेणी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम ।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. ०७७/०७८ को बार्षिक स्विकृत कार्यक्रम अनुसार उद्यमीहरुको लागी उपयुक्त प्रविधि हस्तान्तरण सम्वन्धि सुचना पाना १ (एक) पठाईएको छ । उक्त सुचना तँहा कार्यालयको सुचना पाटीमा टाँस गरि सुचना टाँसको जानकारी पठाई दिनुहुन अनुरोध छ ।

७७।७।१४

कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
## उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
रुकुम (पश्चिम) नेपाल

आ.व.: ०७७/०७८

## उद्यमीहरुको लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने सम्वन्धि सुचना :

**प्रथम पटक प्रकासित मितिः २०७७/०७/१४**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यलय रुकुम पश्चिमको आ.व. ०७७/०७८ को वार्षिक स्विकृत कार्यक्रम बमोजिम लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि छनौट भएका उद्यमीहरुलाई मेशिन, ज्यावल तथा औजार उपकरणहरु लागत सहभागिताका आधारमा उपलब्ध गराउने कार्यक्रम भएको हुँदा आवश्यक योग्यता पुगेका उद्यमीहरुले तपसिल बमोजिम उल्लेखित ब्यहोराको अधिनमा रही प्रथम पटक सुचना प्रकासित भएको **मिति २०७७/०७/१४ गते देखि २०७७/०७/२८** भित्र कार्यालय समयमा तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

तपशिल :

**(क) उद्यमीले पेश गर्नुपर्ने कागजातहरु (सि.नं. १ देखि सि.नं. ६ सम्म अनिवार्य पेश गर्नुपर्नेछ) ।**

१) अनुसूची १ अनुसार निवेदन ।
२) उद्योगीको नागरिकताको प्रतिलिपि ।
३) उद्योग दर्ता र नवीकरण भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी (कम्तीमा सुचना प्रकाशन भएको मितिले १ वर्ष अगाडी दर्ता भएको), स्थायी पाना नं. को प्रतिलिपी, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा आ.व. ०७६/०७७ अडिड रिपोर्ट (म्याद समाप्त भएको भए म्याद थमौती पत्र समेत पेश गर्नुपर्ने छ) ।
४) उद्योग संचालित अवस्थामा रहे/नरहेको, रोजगारीको विवरण तथा अनुदान उपलब्ध गराई दिने व्यहोराको स्थानीय तहको सिफारिस पत्र ।
५) अन्य/विभिन्न क्षेत्रवाट अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा स्वघोषणा पत्र ।
६) आवश्यक सामाग्री संग मेल खाने कम्तीमा कुनै १ (एक) कम्पनीको विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर । उक्त ब्रोसियरमा उद्यमीको हस्ताक्षर र फर्मको छाप अनिवार्य रुपमा हुनुपर्ने छ ।
७) साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम लगायत अन्य सरकारी निकायबाट तालिम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको भए प्रमाण पत्रको प्रतिलिपि ।
८) अपांग तथा दलित उद्यमीको हकमा प्रमाणित कागजातको प्रतिलिपि ।
९) तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्बन्धी कागजातहरुको प्रतिलिपि ।
१०) आवश्यक अन्य कागजात एवं विवरण ।

**उपलव्ध गराईने अनुदानको विवरण :**

ख) अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने साझेदारी : यो कार्यक्रम मार्फत १ लाख सम्म लागत पर्ने मेशिन औजार भए ६० प्रतिशत र २ लाख भन्दा बढी लागत पर्ने भए ५० प्रतिशत वा ५० प्रतिशतले २ लाख नाघ्ने भएमा २ लाखमा नबढ्ने गरि सहयोग गर्न सकिने छ ।

**नोट :**

**१) आवेदनको ढाँचा अनुसूची फाराम कार्यालयवाट प्राप्त गर्न सकिने छ ।**
**२) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०८८-५३००१२ मा सम्पर्क राख्नुहोला ।**

२०७७/७/१४
कार्यालय प्रमुख